# स्थानीय राजपत्र

**खण्ड १) गोल्जुङबेशी रसुवा मिति २०८१।३।२० (अतिरिक्ताङ्क १५)**


## भाग २

# आमाछोदिङमो गाउँपालिकाको सूचना

नेपालको संविधान बमोजिम आमाछोदिङमो गाउँपालिकाले यान्त्रिक उपकरणहरु सञ्चालन सम्बन्धी कार्यविधि, २०७६ बनाई सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## यान्त्रिक उपकरणहरु सञ्चालन सम्बन्धी कार्यविधि, २०७६

आमाछोदिङ्मो गाउँ कार्यपालिकाको मातहतमा रहेका यान्त्रिक उपकरण तथा साधनहरुको मितव्ययी र प्रभावकारी ढङ्गले सञ्चालन गर्न, रेखदेख तथा व्यवस्थापन गर्न भौतिक पूर्वाधार विकास लगायत छिमेकी गाउँपालिका, नगरपालिका तथा जिल्लाहरुमा समेत निर्माण हुने भौतिक पूर्वाधारका कार्यहरुमा सशुल्क प्रयोग गर्नका लागि यस कार्यालयसँग रहेको यान्त्रिक उपकरणहरुको सञ्चालन तथा व्यवस्थापनका लागि देहायका शर्त, बन्देजमा रही सञ्चालन तथा व्यवस्थापन गर्ने गराउने गरी आमाछोदिङ्गमो गाउँ कार्यपालिकाको मिति २०७६।०५।२६ को कार्यपालिका बैठकबाट स्वीकृत गरी यो कार्यविधि कार्यान्वयनमा ल्याइएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो कार्यविधिको नाम "यान्त्रिक उपकरणहरु सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७६" रहेको छ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमाः क) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्दछ ।

ख) "नियमावली" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन बमोजिम बनेको नियमावलीलाई सम्झनु पर्दछ।

ग) "गाउँपालिका" भन्नाले आमाछोदिङ्गमो गाउँपालिकालाई सम्झनु पर्दछ । सो शब्दले आवश्यक परेको अवस्थामा अन्य गाउँपालिकालाई समेत जनाउनेछ ।

घ) "अध्यक्ष" भन्नाले आमाछोदिङमो गाउँपालिकाका अध्यक्षलाई सम्झनु पर्दछ ।

ङ) "उपाध्यक्ष" भन्नाले आमाछोदिङ्गमो गाउँपालिकाका उपाध्यक्षलाई सम्झनु पर्दछ ।

च) "गाउँ कार्यपालिका" भन्नाले आमाछोदिङमो गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले आमाछोदिङ्गमो गाउँ कार्यपालिकाको कार्यालयका प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

ज) "इन्जिनियर" भन्नाले आमाछोदिङ्गमो गाउँपालिकाका इन्जिनियरलाई सम्झनु पर्दछ। सो शब्दले गाउँपालिकाले सेवा परामर्श लिन सम्झौता गरेको इन्जिनियरलाई समेत जनाउँदछ ।

झ) "कार्यालय" भन्नाले आमाछोदिङ्गमो गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

ञ) "जिन्सी शाखा प्रमुख" भन्नाले आमाछोदिङ्मो गाँउपालिकाको जिन्सी शाखा प्रमुख सम्झनु पर्छ।

ट) "प्रयोगकर्ता" भन्नाले यान्त्रिक उपकरण सञ्चालनका लागि लिई जाने संघ, संस्था, व्यक्ति वा सरकारी निकाय सम्झनु पर्दछ ।

ठ) "भाडा" भन्नाले यान्त्रिक उपकरणहरु भाडामा उपलब्ध गराउन निर्धारण गरिएको दर रेटबाट हुन आउने रकमलाई सम्झनु पर्दछ ।

ड) "बिल" भन्नाले यान्त्रिक उपकरण सञ्चालन गरेको अपरेसन लगसीटको आधारमा कार्यालयले भाडा बापतको रकम राजस्व खातामा जम्मा गर्नको लागि तयार गर्ने भाडा महसुल बिललाई सम्झनु पर्दछ ।

ढ) "अपरेटर" भन्नाले यान्त्रिक उपकरण सञ्चालन गर्न खटिई जाने कर्मचारीलाई सम्झनु पर्दछ ।

३. उद्देश्यः आमाछोदिङमो गाउँ कार्यपालिकाको कार्यालयबाट सञ्चालन गरिने भौतिक विकास कार्यक्रमहरु, स्थानीय गाउँपालिकाबासी, संघसंस्था, नेपाल सरकारद्वारा सञ्चालित विकास आयोजनाहरु, दातृ निकायबाट सञ्चालन हुने विकास आयोजनाहरु तथा छिमेकी गाउँपालिकाहरुका विकास कार्यक्रमहरुमा समेत माग भई आए अनुसार प्राथमिकताका आधारमा प्रयोगमा पठाउन तथा उपकरण सञ्चालन विधिमा एकरुपता र सरलता ल्याउनु यो कार्यविधिको प्रमुख उद्देश्य रहेको छ।

४) यान्त्रिक उपकरण प्रयोग कार्य क्षेत्र र सम्झौताः (१) कार्यालयको कार्य वा अन्य आकस्मिक कार्यहरुमा प्रयोग नभई यान्त्रिक उपकरणहरु खाली रहेको अवस्थामा कार्यालयको काममा बाधा नपर्ने गरी सञ्चालक समितिले गाउँ कार्यपालिकाले तोके बमोजिमको भाडा लिई कुनै पनि व्यक्ति वा संघ संस्थालाई यान्त्रिक उपकरणहरु भाडामा उपलब्ध गराउन सक्नेछ।

५) कुनै पनि व्यक्ति, संघ संस्थालाई आवश्यक परेको उपकरण प्रयोगमा ल्याउनका लागि देहाय बमिजमको प्रकृया पूरा भए पश्चात मात्र उक्त उपकरण उपलब्ध गराइनेछ ।

आमाछोदिङमो स्थानीय राजपत्र

(१) व्यक्ति वा संस्थाबाट प्रयोगका लागि माग गरिएको अवधिको लागि कार्यालयले उपलब्ध गराउन सक्ने अवस्था भएमा अनुसूची १ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(२) एउटै समयको लागि मेशिन माग भएको खण्डमा मेशिन रहेको स्थानको नजिकबाट माग गर्ने निवेदकलाई मेशिन उपलब्ध गराउन सकिनेछ ।

(३) माग निवेदन उपर सञ्चालक समितिबाट उपलब्ध गराउने निर्णय भएपश्चात अनुसूची ४ बमोजिमको भाडादर अनुसार प्रयोगकर्ताले प्रयोग गर्न चाहेको अवधिको लागि लाग्ने भाडा रकम अग्रिम गाउँ कार्यपालिकाको कार्यालयमा नगदै बुझाई सोको आम्दानी रसिद वा कुमारी बैंक लिमिटेड शाखा कार्यालय धाम्बुचेत रसुवा स्थित आमाछोदिङ्मो गाउँपालिकाको नाममा रहेको धरौटी खातामा रकम जम्मा गरेको सक्कलै भौचर पेश गर्नुपर्नेछ ।

(४) तोकिएको अग्रिम शुल्क बुझाए पश्चात अनुसूची ३ बमोजिमको सम्झौता गरी अनुसूची २ बमोजिमको मेशिन चलान/सम्झौता फाराम भरी मेशिन चलान गर्नु पर्नेछ।

(५) निवेदकले माग गरिएको समयभन्दा बढी समयसम्म कामकाज गर्नु गराउनु पर्ने भएमा मेशिन अपरेटरले तत्काल कार्यालय प्रमुखलाई खबर गरी थप कार्य आदेश लिएर थप समयको रकम अग्रिम जम्मा गर्न लगाएर मात्र मेशिन सञ्चालन गर्नु पर्नेछ ।

६) मेशिन फिल्डमा खटाउँदा कार्यालय कम्पाउण्डदेखि काम सम्पन्न गरी पुनः कार्यालय फिर्ता भएसम्मको मिटरको हिसाब गणना गरी लाग्ने शुल्क मेशिन प्रयोगकर्ताले बुझाउनु पर्नेछ ।

(७) मेशिन खटि गएको स्थानमा काम सम्पन्न गरी कार्यालय फिर्ता भए पश्चात मेशिन अपरेटरले कामको विवरण सहित मिटरको अद्यावधिक अभिलेख तोकिए बमोजिमको फाराममा भरी कार्यालय समक्ष पेश गर्नु पर्नेछ ।

(८) गाउँपालिकाले आवश्यकता र औचित्यताको आधारमा निश्चित समयसम्म कार्य गर्न मेशिन सोझै उपलब्ध गराउन सक्नेछ ।

(९) आमाछोदिङ्मो गाउँपालिका भित्र गाँउपालिकाले विनियोजन गरेको बजेटबाट निर्माण कार्य गर्ने प्रयोजनको लागि मेसिनको प्रयोग गरेमा उपभोक्ता समितिले प्रयोग गरेको अवधीको बिल बमोजिमको रकम गाँउपालिकाले उपभोक्ता समितिलाई रकम भुक्तानी गर्दा कटाएर गाँउपालिकाको आम्दानी खातामा जम्मा गर्न सक्नेछ ।

(१०) मेशिन प्रयोग गरी तोकिएको समयभन्दा अगावै काम सम्पन्न भई प्रयोगकर्ताको धरौटी रकम सञ्चित रहेको खण्डमा कार्यालय प्रमुखको आदेशको आधारमा काबु बाहिरको परिस्थिति बाहेक माग गरेको एक हप्ताभित्र चेकद्वारा फिर्ता गर्नुपर्नेछ ।

(११) गाँउपालिकाले माग गरिएको यान्त्रिक उपकरण देहायको अवस्थामा उपलब्ध गराउन असमर्थ जनाउन सक्नेछ ।

क. माग गरिएको यान्त्रिक उपकरण उपलब्ध नभएको अवस्थामा

ख. यान्त्रिक उपकरण गाँउपालिकाको वा अन्य कुनै आकस्मिक कार्यमा प्रयोग भईरहेको वा आकस्मिक कार्यको लागि तयारी अवस्थामा रहेको भएमा ।

ग. यान्त्रिक उपकरणको चालक अपरेटर वा सहयोगीको जिउ ज्यान जोखिममा पर्न सक्ने परिस्थिति रहेको अवस्था

घ. यान्त्रिक उपकरणको मर्मत गर्नु पर्ने भई चालु अवस्थामा नरहेको भएमा

६. इन्धन तथा मर्मत सम्बन्धी व्यवस्थाः (१) मेसिन अपरेटरले इन्धन तथा लुब्रिकेन्ट माग गर्दा कार्यालयले निर्धारण गरेको फाराम स्वीकृत गराएर मात्र भर्नुपर्नेछ। इन्धन तथा लुब्रिकेन्ट खपतको अद्यावधिक विवरण मेशिन अपरेटरले तयार गरी जिन्सी शाखा प्रमुखको सिफारिशमा कार्यालय प्रमुख समक्ष पेश गर्नुपर्नेछ।

(२) इन्धन तथा लुब्रिकेन्ट र मर्मत सम्बन्धी सम्पूर्ण कार्यको विस्तृत लगत गाउँ कार्यपालिकाको कार्यालयको जिन्सी शाखामा अद्यावधिक गरी राखिनेछ।

(३) मेशिन बिग्रिएमा बिग्रिएको लिखित जानकारी मेशिन अपरेटरले कार्यालयलाई गराउनु पर्नेछ। कार्यालयले प्राविधिक मार्फत चेकजाँच गराई मर्मत गर्नुपर्ने कार्यको विस्तृत विवरण माग गरी स्वीकृत भएपश्चात मात्र मर्मत सम्भार कार्य गरिनेछ।

(४) मर्मत सम्भारको कार्य गर्दा गराउँदा मेशिन अपरेटर वा जिन्सी शाखाको प्रतिनिधि वर्कसपमा रहनुपर्नेछ ।

७. वान्त्रिक उपकरण सञ्चालन वापत प्राप्त रकमको प्रयोग र मर्मत सम्भारः

(क) गाँउपालिकाले यान्त्रिक उपकरण भाडामा दिई प्राप्त भएको रकम छुट्टै खाता खोली बैंकमा जम्मा गर्नु पर्नेछ छुट्टै खाता नखोलुञ्जेल सम्म गाँउपालिकाके सञ्चित कोष खातामा जम्मा गरी खर्च खाताबाट खर्च लेख्न सकिनेछ ।

(ख) यान्त्रिक उपकरण प्रयोग गरे वापत प्राप्त भाडा रकम यान्त्रिक उपकरणको मर्मत सम्भार स्पेयर पार्टस खरिद इन्धन खरिद उपरणको विमा अपरेटर चालक र हेल्परको तलब भत्तामा खर्च गर्न सकिनेछ । तर गाँउकार्यपालिकाको निर्णयले यस बाहेकको खर्च शीर्षकमा समेत खर्च गर्न बाधा पर्ने छैन।

८. यान्त्रिक उपकरण को भाडा दर सम्बन्धी व्यवस्थाः कुनै व्यक्ति, उपभोक्ता समिति वा संघ संस्थाबाट यान्त्रिक उपकरण माग भई आएमा स्काभेटरको लागि अनुसूची ४ र ट्रक तथा टिफरको लागि अनुसूची ४.१ बमोजिमको शुल्क नगदै वा तोकिएको बैंक खातामा अग्रिम बुझाउनु पर्नेछ ।

९. कर्मचारी सम्बन्धी व्यवस्थाः (१) स्काभेटर सञ्चालनका लागि एक जना अपरेटर र एक जना सहयोगी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम करार सेवामा नियुक्त गरिनेछ ।

(२) ट्रिपर ट्रक सञ्चालनका लागि एक जना चालक र आवश्यकतानुसार एक जना सहयोगी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम करार सेवामा नियुक्त गरिनेछ ।

(३) करारमा नियुक्त कर्मचारीको सेवा सुविधा करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।

१०. यान्त्रिक उपकरण सञ्चालन तथा व्यवस्थापन समितिः यान्त्रिक उपकरणहरुको सञ्चालन तथा व्यवस्थापनका लागि नीतिगत तथा निर्देशनात्मक व्यवस्थाका लागि तपसिल बमोजिमको सञ्चालन तथा व्यवस्थापन समिति रहनेछ ।

| | |
|---|---|
| गाउँपालिका अध्यक्ष - | संयोजक |
| गाउँपालिका उपाध्यक्ष - | सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत - | सदस्य |
| आर्थिक प्रशासन शाखा प्रमुख - | सदस्य |
| मेसिन प्रयोग भईरहेको वडाको वडा अध्यक्ष - | पदेन सदस्य |
| प्राविधिक शाखा प्रमुख सम्भव भए सम्म मेकानिकल प्राविधिक - | सदस्य |
| जिन्सी शाखा प्रमुख - | सदस्य सचिव |

११. समितिको काम कर्तव्य र अधिकारः क. गाँउपालिकाको स्वामित्तवमा रहेका यान्त्रिक उपकरणहरुको रेकर्ड राख्ने रेखदेख मर्मत सम्भार अनुगमन र निरिक्षण गर्ने गराउने ।

ख. यान्त्रिक उपकरण सञ्चालन गर्न स्वीकृती दिने सम्झौता गर्ने।

ग) यान्त्रिक उपकरणको नियमित मर्मत सम्भारको लागि आवश्यक निर्देशन दिने ।

घ) एक पटकमा पाँच लाख रुपैयाँ सम्मको मर्मत खर्च स्वीकृत गर्ने। सो भन्दा बढी खर्च लाग्ने भएमा गाँउ कार्यपालिकामा खर्च स्वीकृतिको लागि सिफारिस गर्ने।

आमाछोदिङ्मो स्थानीय राजपत्र

ङ. यान्त्रिक उपकरणको भाडादर निर्धारण गर्न र आवश्यकता अनुसार परिमार्जन गर्न कार्यपालिकालाई सिफारिस गर्ने।

च) अपरेटर चालक र सहयोगीको भत्ता निर्धारण गर्ने

छ. यान्त्रिक उपकरण प्रयोग भईरहेको वडाको वडा अध्यक्षले उपकरणको रेखदेख र सुरक्षाको प्रबन्ध मिलाउनु पर्नेछ

ज. यान्त्रिक उपकरणको लागि अत्यावश्यक पर्ने स्पेयर पार्टस लुब्रिकेन्टहरुको व्यवस्था गरी आवश्यकता अनुसार मौज्दात राख्ने ।

झ. सम्झौता अनुसार उपकरणहरुको प्रयोग भए नभएको निरीक्षण अनुगमन गर्ने। सञ्चालन तथा व्यवस्थापन समितिले आफ्नो अधिकार मध्ये केहि अधिकार अध्यक्ष र प्रमुख प्रशासकीय अधकृतलाई प्रत्यायोजन गर्न सक्नेछ।

१२. दण्ड र सजाँयः १. कसैले यस कार्यविधि जारि भए पछि उल्लेखित प्रकृया विपरित यान्त्रिक उपकरण प्रयोग गर्न गराउन दिन हुदैन ।

२. कसैले यस कार्यविधि जारि भए पछि उल्लेखित प्रकृया नपुर्याई यान्त्रिक उपकरण प्रयोग गर्न गराउन दिएमा त्यस्तो आदेश दिने आदेश दिन सिफारिस तथा सहयोग गर्ने र भुक्तानी गर्ने कर्मचारीबाट असुल उपर गरिनेछ ।

३. यस कार्यविधिमा जुनसुकै कुरा लेखिएको भए पनि कसैले यस कार्यविधि विपरित गरेको कुनै कार्यबाट अन्य कानुनैको समेत उल्लंघन हुने भएमा प्रचलित कानून बमोजिम कारबाहि चलाउन बाधा पर्ने छैन।

१३. विविधः (१) गाउँपालिकामा रहेका सवारी साधन तथा यान्त्रिक उपकरणहरु कार्यालय प्रमुखको पूर्ण नियन्त्रणमा रहनेछन्। सवारी साधन तथा यान्त्रिक उपकरणहरु चुस्त दुरुस्त राखी मर्मत सम्भार गर्नु पदाधिकारी र कर्मचारी सबैको दायित्व हुनेछ ।

(२) यान्त्रिक उपकरणको माइल मिटर आधारभूत कार्य अद्यावधिक राख्ने दायित्व मेशिन अपरेटर र चालकको हुनेछ ।

आमाछोदिङमो प्रकाशित राजपत्र

(३) निर्माण उपभोक्ता समितिले निर्माण कार्य गर्दा उपकरणको प्रयोग गर्न गाँउपालिकाको इन्जिनियरको सिफारिस आवश्यक हुनेछ ।

(४) यस कार्यविधिमा समयानुकुल आवश्यक संशोधन वा थपघट गर्नुपर्ने भएमा सञ्चालन तथा व्यवस्थापन समितिको राय बमोजिम गाउँ कार्यपालिकाले थपघट वा संशोधन गर्न सक्नेछ।

(५) कथंकदाचित गाँउपालिकाले करारमा नियुक्त गरेका यान्त्रिक उपकरणको अपरेटर विरामी भई उपकरण सञ्चालनमा आउन नसक्ने भएमा गाँउपालिकाले तत्काल ज्यालदारीमा दैनिक २५००।- पच्चिस सय रुपैयाँ दिने गरी अपरेटरको व्यवस्था गर्नेछ ।

आमाछोदिङ्मो स्थानीय राजपत्र

अनुसूची १ आमाछोदिङ्मो गाँउपालिका गाँउकार्यपालिकाको कार्यालय

गोल्जुङबेशी रसुवा

यान्त्रिक उपकरण भाडामा प्राप्त गर्न दिईने निवेदन

मितिः

..........................................कामको लागि आमाछोदिङ्मो गाँउपालिकाको नियमानुसार निम्नलिखित यान्त्रिक उपकरणहरु उल्लेखित समयको लागि अग्रिम भाडा रकमको नगदी रसिद / बैंक सक्कल भौचर समेत यसै साथ पेश गरी भाडामा उपलब्ध गराईदिनु हुन निवेदन गर्दछु।

| क्रस | यान्त्रिक उपकरणको नाम | कार्यको विवरण | स्थान | उपकरण लैजाने मिति | अनुमानित कार्य अवधी घण्टामा | उपकरण फिर्ता ल्याउने मिति |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

निवेदक

नामः

ठेगानाः

दस्तखतः

सम्पर्क नं

आमाछोदिङ्मो स्थानीय राजपत्र

अनुसूची २

आमाछोदिङ्मो गाँउपालिका गाँउकार्यपालिकाको कार्यालय गोल्जुङबेशी रसुवा

यान्त्रिक उपकरण चलान / सम्झौता फाराम

सि.नं.

श्री.......................................

............................................ ।

रसिद नं......................................को श्री .................................. लाई मिति .................................देखि......................... सम्म ..... घण्टाको लागि भाडामा दिईएको छ। उक्त उपकरणलाई सम्म तोकिएको समय भित्र यस कार्यालयमा फिर्ता ल्याउनु हुन सूचित गरिन्छ ।

.................

कार्यालय प्रमुख

निवेदकले पालना गर्नु पर्ने नियम शर्तहरु पालना गर्ने गरी उपरोक्त विवरणको मेशिन उपकरण बुझिलिएँ।

नामः

ठेगानाः

दस्तखतः.

सम्पर्क नं..

मितिः

उपरोक्त विवरण बमोजिमको मेशिन उपकरण फिर्ता भयो।

नामः

ठेगानाः.

दस्तखतः.. सम्पर्क नं...

आमाछोदिङमो स्थानीय राजपत्र

अनुसूची ३

आमाछोदिङ्मो गाँउपालिका गाँउकार्यपालिकाको कार्यालय गोल्जुङवेशी रसुवा

यान्त्रिक उपकरण संचालन सम्झौता पत्रको ढाँचा

आमाछोदिङ्मो गाँउपालिका यान्त्रिक उपकरण सञ्चालन तथा व्यवस्थापन समिति र

व्यक्ति / उपभोक्ता समिति बीच भएको एक्साभेटर भाडामा लिने प्रयोजनको लागि गरिएको सम्झौता पत्र

१. यो सम्झौता पत्रमा आमाछोदिङ्मो गाँउपालिका यान्त्रिक उपकरण सञ्चालन तथा व्यवस्थापन समितिलाई यस पछि प्रथम पक्ष र............................ ..................................... लाई दोस्रो पक्ष भनिनेछ ।

२. योजनामा मिति २०................देखि .....................सम्म एक्साभेटर सञ्चालन गराउन दुवै पक्ष सहमति जनाउदछौं।

३. प्रकरण २ अनुसार सञ्चालन भएको उपकरणले गरेको कामको दैनिक अभिलेख लगबुक अपरेटरको सहायतामा दोस्रो पक्षले राख्नु पर्नेछ।

४. काममा खटिएको अवधीमा अपरेटर र सहयोगीको सुरक्षा दोस्रो पक्षले गर्नु पर्नेछ ।

५. दोस्रो पक्षको गलत व्यवस्थापनका कारण योजना स्थलमा उपकरण काम बेगर बसेको पाइएमा त्यस्तो अवधिको समेत भाडा दोस्रो पक्षले पहिलो पक्षलाई भुक्तानी गर्नु पर्नेछ ।

६. उपकरणको लागि आवश्यक प्राविधिक सहयोग पहिलो पक्षले उपलब्ध गराउनेछ ।

७. उपकरण प्रयोग गर्ने शिलशिलामा कुनै प्रकारको विवाद सृजना भई विवादको समाधान २४ घण्टा भित्र हुन नसकेमा पहिलो पक्षले विवादको गम्भिरतालाई हेरी उपकरण फिर्ता पठाउन माग गरेमा दोस्रो पक्षले वाधा विरोध गर्ने छैन ।

८. यान्त्रिक उपकरण कार्यविधि २०७६ लाई दोस्रो पक्षले पूर्ण रुपमा पालना गर्नेछ।

आमाछोदिङमो स्थानीय राजपत्र

९. पहिलो पक्ष र दोस्रो पक्ष बिच यसमा लेखिए भन्दा बाहेकका बिषयमा विवाद भएमा दुवै पक्षको सहमतिमा समाधान निकाल्ने प्रयास गरिनेछ। सहमति हुन नसकेमा कार्यविधि बमोजिमको भाडा लिई पहिलो पक्षले उपकरण फिर्ता लिन सक्नेछ ।

१०. यस सम्झौतामा नलेखिएका कुरा यसै कार्यविधि र प्रचलित कानून बमोजिम हुनेछ ।

| | |
|---|---|
| दोस्रो पक्षको तर्फबाट | प्रथम पक्षको तर्फबाट |
| दस्तखत | दस्तखत |
| नाम | नाम. |
| पद. | पद. |
| मिति. | मिति.. |

आमाछोदिङमो स्थानीय राजपत्र

अनुसूची ४
आमाछोदिङमो गाँउपालिका
गाँउकार्यपालिकाको कार्यालय
गोल्जुङबेशी रसुवा

(क) स्काभेटरको भाडा दर देहाय बमोजिम हुनेछ।

| क्र.सं. | कामको प्रकार | भाडा दर | |
|---|---|---|---|
| | (अपरेटर सहित इन्धन बाहेक) | बकेट प्रति घण्टा | ब्रेकरप्रति घण्टा |
| १ | गाउँपालिकाले बजेट विनिययोजन गरेको उपभोक्ता समिति मार्फत सञ्चालित योजनाहरु | २१००/- | ३१००/- |
| २ | गाँउपालिका भित्रका स्थायी बासिन्दाहरुको व्यक्तिगत प्रयोजनको लागि एक पटकमा बढिमा १० घण्टा सम्म अन्य व्यक्ति, निकाय तथा ठेक्कापट्टा मार्फत सञ्चालित योजना तथा आयोजनाहरु | २३००/- | ३३००।- |
| | (अपरेटर र इन्धन सहित) | | |
| ३ | गाउँपालिकाले बजेट विनिययोजन गरेको उपभोक्ता समिति मार्फत सञ्चालित योजनाहरु, गाँउपालिका भित्रका स्थायी बासिन्दाहरुको व्यक्तिगत प्रयोजनको लागि एक पटकमा बढिमा १० घण्टा सम्म | ४५००/- | ५५००/- |

आमाछोदिङमो स्थानीय राजपत्र

माधिको भाडादरमा भ्याट समावेश गरीएको छैन। भ्याट प्रयोगकर्ताले नै तिर्नु पर्नेछ

अनुसूची ४.१

(ख) ट्रक, ट्रिपर

| क्र.सं. | कामको प्रकार | भाडा दर | |
|---|---|---|---|
| | (चालक र इन्धन बाहेक) | प्रति घण्टा | प्रति सिफ्ट |
| १ | गाउँपालिकाको आफ्नै लगानीमा उपभोक्ता समितिमार्फत सञ्चालित योजनाहरु | ५००/- | |
| २ | अन्य निकाय तथा ठेक्कापट्टा मार्फत सञ्चालित आयोजना | ६००/- | |
| | (चालकसहित इन्धन बाहेक) | | |
| ३ | गाउँपालिकाको आफ्नै लगानीमा उपभोक्ता समितिमार्फत सञ्चालित योजनाहरु | ६००/- | |
| ४ | अन्य निकाय तथा ठेक्का पट्टा मार्फत सञ्चालित आयोजना ) | ७००/- | |
| | (चालक र इन्धन सहित | | |
| ५ | गाउँपालिकाको आफ्नै लगानीमा उपभोक्ता समितिमार्फत सञ्चालित योजनाहरु | ९००/- | |
| ६ | अन्य निकाय तथा ठेक्कापट्टा मार्फत सञ्चालित आयोजना | १०००/- | |

माधिको भाडादरमा भ्याट समावेश गरीएको छैन। भ्याट प्रयोगकर्ताले नै तिर्नु पर्नेछ ।

आमाछोदिङ्मो स्थानीय राजपत्र

आज्ञाले
गोपाल प्रसाद दुलाल
प्रमुख प्रशासकिय अधिकृत

आमाछोदिङ्मो स्थानीय राजपत्र